# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

खण्ड ७४) काठमाडौं, फागुन २७ गते, २०८१ साल (अतिरिक्ताङ्क ५६(अ)

# भाग ६

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना

नेपाल सरकार पक्ष भएको देहायको सन्धि अनुमोदनको लागि सङ्घीय संसदको प्रतिनिधि सभामा प्रस्तुत गरिएकोमा प्रतिनिधि सभाबाट मिति २०८१/११/२७ मा अनुमोदन भएकाले नेपाल सन्धि ऐन, २०४७ को दफा १२ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# संयुक्त राष्ट्रसंघ
## हुलाक ठेगाना - संयुक्त राष्ट्रसंघ, न्युयोर्क १००१७
## सन्दर्भः सी.एन.८७२.२०१६.सन्धि-२७.२.च (दाखिलासम्बन्धी सूचना)
## ओजोन तह ह्रासगर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकल, मोन्ट्रियल, १६ सेप्टेम्बर १९८७
## ओजोन तह ह्रासगर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलमा संशोधन
## किगाली, १५ अक्टोबर २०१६
## संशोधन पारित

संयुक्त राष्ट्रसंघका महासचिवबाट सङ्ग्रहकर्ताको हैसियतले देहायबमोजिमको सूचना जारी गरिएको छ :

२०१६ को १० देखि १५ अक्टोबरसम्म किगालीमा भएको माथि उल्लिखित प्रोटोकलका सदस्यहरुको अठ्ठाइसौं बैठकले ओजोन तहको संरक्षणको लागि भियना महासन्धि, १९८५ को धारा ९ को अनुच्छेद ४ को कार्यविधि बमोजिम सदस्यहरूको अठ्ठाइसौं बैठकको प्रतिवेदनको अनुसूची-१ (निर्णय २८/१) मा उल्लेख गरिए बमोजिमको मोन्ट्रियल प्रोटोकलको थप संशोधन पारित गरेको छ।

माथि उल्लिखित संशोधनको पाठ छ वटा आधिकारिक भाषाहरूमा यस सूचनाको अनुसूचीमा संलग्न गरिएको छ।

उक्त संशोधनको धारा ४ को अनुच्छेद-१ बमोजिम ओजोन तह ह्रासगर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलमा सदस्य रहेका राज्यहरूले वा क्षेत्रीय आर्थिक एकीकरण संस्थाहरुले संशोधनको अनुमोदन, स्वीकृति तथा समर्थनका कम्तीमा बिसवटा दस्तावेज दाखिला गरेको अवस्थामा उक्त संशोधन १ जनवरी, २०१९ देखि लागू हुनेछ। उक्त निर्धारित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समय सम्ममा उल्लिखित अवस्था पूरा नभएमा सो पूरा भएको मितिबाट नब्बेऔं दिनमा यो संशोधन लागू हुनेछ।

संशोधन लागू भए पश्चात् संशोधनको धारा ४ को अनुच्छेद- ४ बमोजिम प्रोटोकलका अन्य सदस्यहरूको हकमा ती सदस्यहरूबाट अनुमोदन, स्वीकृति वा समर्थनको दस्तावेज दाखिला भएको मितिबाट नब्बेऔं दिनदेखि संशोधन लागू हुनेछ।

२३ नोभेम्बर २०१६

**ध्यानाकर्षण** : सम्बन्धित परराष्ट्र मन्त्रालय र अन्तर्राष्ट्रिय संस्थाहरूको सन्धि सेवा। दाखिलासम्बन्धी सूचना विद्युतीय ढाँचामा मात्र जारी गरिनेछ। दाखिलासम्बन्धी सूचना संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोगको लागि संयुक्त राष्ट्रसंघको सन्धि सङ्ग्रह https://treaties.un.org को दाखिलासम्बन्धी सूचना (Depository Notifications(CNs) मा उपलब्ध हुनेछ। साथै, स्थायी नियोग तथा अन्य इच्छुक व्यक्तिहरूले दाखिलासम्बन्धी सूचना ईमेल मार्फत प्राप्त गर्न https://treaties.un.org/Pages/Login.aspx?lang=_en.मा उपलब्ध रहेको सन्धि शाखाको स्वचालित सदस्यता सेवा "Automated Subscription Services" को सदस्यता लिन सक्नेछ।

**निर्णय २८/१ : मोन्ट्रियल प्रोटोकलमा थप संशोधन**

ओजोन तहको संरक्षणको लागि भियना महासन्धिको धारा ९ को अनुच्छेद- ४ मा उल्लिखित कार्यविधिबमोजिम मोन्ट्रियल प्रोटोकलका सदस्यहरूको अट्ठाइसौं बैठकको प्रतिवेदनको अनुसूची-१ मा उल्लिखित मोन्ट्रियल प्रोटोकलको संशोधन पारित गर्न;



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको संशोधन

## धारा १ : संशोधन

*धारा १, अनुच्छेद -४*

प्रोटोकलको धारा १ को अनुच्छेद-४ मा, देहायका शब्दहरू :-

"अनुसूची-ग वा अनुसूची-ङ" को सट्टा "अनुसूची-ग, अनुसूची-ङ वा अनुसूची- च" राख्ने।

*धारा २, अनुच्छेद -५*

प्रोटोकलको धारा २ को अनुच्छेद -५ मा, देहायका शब्दहरू :-

"र धारा २ज" को सट्टा "धाराहरु २ज र २ञ" राख्ने।

धारा २, अनुच्छेद -८ (क), ९(क) र ११

प्रोटोकलको धारा २ को अनुच्छेद -८(क) र ११ मा देहायका शब्दहरू :-

"धारा २क देखि २झ सम्म" को सट्टा "धारा २क देखि २ञ सम्म" राख्ने।

प्रोटोकलको धारा २ को अनुच्छेद-८ को उपअनुच्छेद (क) को अन्त्यमा देहायका शब्दहरू थप्ने :-

"धारा २ञ अन्तर्गतको उपयोग वा उत्पादनको सीमाको पालना गर्ने दायित्व समावेश गर्ने गरी कुनै सम्झौता विस्तार गर्न सकिनेछ तर सम्बन्धित पक्षको उपभोग वा उत्पादनको कूल संयुक्त योगको गणना गरिएको स्तर धारा २ञ बमोजिम आवश्यक भएको स्तरभन्दा बढी भएको हुनु हुँदैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

प्रोटोकलको धारा २ को अनुच्छेद-९ को उपअनुच्छेद (क) (अ) मा देहाय बमोजिम :

"गर्नु पर्ने" शब्दको दोस्रो प्रयोग पछि "र" हटाउने,

प्रोटोकलको धारा २ को अनुच्छेद-९ को उपअनुच्छेद (क) (आ) लाई उपअनुच्छेद (क) (इ) भनी क्रमसङ्ख्या कायम गर्ने ।

प्रोटोकलको धारा २ को अनुच्छेद-९ को उपअनुच्छेद (क) (अ) पछि देहायको उपअनुच्छेद (क) (आ) थप्ने :-

"अनुसूची- क को समूह झ, अनुसूची- ग र अनुसूची- च मा निर्दिष्ट गरिएको विश्वव्यापी उष्णता क्षमता समायोजन गर्नुपर्ने हो वा होइन र यदि हो भने के कस्ता समायोजन गर्नुपर्ने हो? ; र"

*धारा २ञ*

प्रोटोकलको धारा २झ पछि देहायको धारा थप गर्ने :

"धारा २ञ : हाइड्रोफ्लोरोकार्बन

१. प्रत्येक पक्षले १ जनवरी २०१९ मा प्रारम्भ भई बाह्र महिनाको अवधिको लागि र त्यसपछि प्रत्येक बाह्र महिनाको अवधिमा $CO_2$ equivalents मा व्यक्त गरिएको अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तर देहायको उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लेख गरिएको वर्षहरूको अवधिको लागि गरिएको व्यवस्थामा सन् २०११, २०१२ र २०१३ को लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरुको उपयोगको गणना गरिएको स्तरको वार्षिक औसतको प्रतिशतमा थप $CO_2$ equivalents मा व्यक्त गरिएको धारा २च को अनुच्छेद १ मा उल्लिखित अनुसूची- ग, समूह अ मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तरको पन्ध्र प्रतिशत भन्दा बढी नहुने सुनिश्चित गर्नेछ :-

(क) सन् २०१९ देखि २०२३ सम्म : ९० प्रतिशत

(ख) सन् २०२४ देखि २०२८ सम्म : ६० प्रतिशत

(ग) सन् २०२९ देखि २०३३ सम्म : ३० प्रतिशत

(घ) सन् २०३४ देखि २०३५ सम्म : २० प्रतिशत

(ङ) सन् २०३६ र त्यसपछि : १५ प्रतिशत

२. यस धाराको अनुच्छेद-१ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षहरूले १ जनवरी २०२० बाट प्रारम्भ भई बाह्र महिनाको अवधिको लागि र त्यसपछि प्रत्येक बाह्र महिनाको अवधिमा $CO_2$ equivalents मा व्यक्त गरिएको अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तर देहायको उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लेख गरिएको वर्षहरूको अवधिको लागि गरिएको व्यवस्थामा सन् २०११, २०१२ र २०१३ को लागि अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरुको उपयोगको गणना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको स्तरको वार्षिक औसतको प्रतिशतमा थप $CO_2$ equivalents मा व्यक्त गरिएको धारा २च को अनुच्छेद-१ मा उल्लिखित अनुसूची-ग, समूह अ मा उल्लिखित नियन्त्रित पदार्थहरुको उपयोगको गणना गरिएको स्तरको पच्चिस प्रतिशत भन्दा बढी नहुने सुनिश्चित गर्ने निर्णय गर्न सक्नेछन् :-

(क) सन् २०२० देखि २०२४ सम्म : ९५ प्रतिशत

(ख) सन् २०२५ देखि २०२८ सम्म : ६५ प्रतिशत

(ग) सन् २०२९ देखि २०३३ सम्म : ३० प्रतिशत

(घ) सन् २०३४ देखि २०३५ सम्म : २० प्रतिशत

(ङ) सन् २०३६ र त्यसपछि : १५ प्रतिशत

३. प्रत्येक पक्षले १ जनवरी २०१९ मा प्रारम्भ भई बाह्र महिनाको अवधिको लागि र त्यसपछि प्रत्येक बाह्र महिनाको अवधिमा $CO_2$ equivalents मा व्यक्त गरिएको अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरुको उत्पादनको गणना गरिएको स्तर देहायको उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लेख गरिएको वर्षहरूको अवधिको लागि गरिएको व्यवस्थामा सन् २०११, २०१२ र २०१३ को लागि अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरुको उत्पादनको गणना गरिएको स्तरको वार्षिक औसतको प्रतिशतमा थप $CO_2$ equivalents मा व्यक्त गरिएको धारा २च को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुच्छेद-२ मा उल्लिखित अनुसूची- ग, समूह अ मा उल्लिखित नियन्त्रित पदार्थहरुको उपयोगको गणना गरिएको स्तरको पन्ध्र प्रतिशतभन्दा बढी नहुने सुनिश्चित गर्नेछ :-

(क) सन् २०१९ देखि २०२३ सम्म : ९० प्रतिशत

(ख) सन् २०२४ देखि २०२८ सम्म : ६० प्रतिशत

(ग) सन् २०२९ देखि २०३३ सम्मः ३० प्रतिशत

(घ) सन् २०३४ देखि २०३५ सम्म : २० प्रतिशत

(ङ) सन् २०३६ र त्यसपछि : १५ प्रतिशत

४. यस धाराको अनुच्छेद-३ मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-च मा उल्लिखित पदार्थहरू उत्पादन गर्ने पक्षले १ जनवरी २०२० बाट प्रारम्भ भई बाह्र महिनाको लागि र त्यसपछि प्रत्येक बाह्र महिनामा $CO_2$ equivalents मा व्यक्त गरिएको अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरुको उत्पादनको गणना गरिएको स्तर, देहायको उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लेख गरिएको वर्षहरूको अवधिको लागि निर्धारण गरिए बमोजिम, सन् २०११, २०१२ र २०१३ को लागि अनुसूची-च मा उल्लिखित पदार्थहरूको उत्पादनको गणना गरिएको स्तरको वार्षिक औसतको प्रतिशत र $CO_2$ equivalents मा व्यक्त गरिएको धारा २च को अनुच्छेद-२ मा उल्लिखित अनुसूची- ग, समूह अ मा उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियन्त्रित पदार्थहरुको उत्पादनको गणना गरिएको स्तरको पच्चिस प्रतिशत भन्दा बढी नहुने सुनिश्चित गर्ने निर्णय पक्षहरूले गर्न सक्नेछन् :-

(क) सन् २०२० देखि २०२४ सम्म : ९५ प्रतिशत

(ख) सन् २०२५ देखि २०२८ सम्म : ६५ प्रतिशत

(ग) सन् २०२९ देखि २०३३ सम्म : ३० प्रतिशत

(घ) सन् २०३४ देखि २०३५ सम्म : २० प्रतिशत

(ङ) सन् २०३६ र त्यसपछि : १५ प्रतिशत

५. यस धाराको अनुच्छेद-१ देखि ४ सम्मको अनुच्छेद पक्षहरूले अति आवश्यक ठानेका प्रयोगहरूको पूर्ति गर्नको लागि आवश्यक उत्पादन वा उपयोगको स्तरको लागि अनुमति दिने निर्णय गरेको हदसम्म बाहेक लागू हुनेछ।

६. अनुसूची- ग, समूह अ, वा अनुसूची-च का पदार्थहरू उत्पादन गर्ने प्रत्येक पक्षले १ जनवरी, २०२० बाट प्रारम्भ भई बाह्र महिनाको अवधिको लागि र त्यसपछि प्रत्येक बाह्र महिनाको अवधिको लागि अनुसूची- ग, समूह अ वा अनुसूची- च मा उल्लिखित पदार्थहरू निर्माण गर्ने प्रत्येक उत्पादन स्थानमा उत्पन्न हुने अनुसूची- च, समूह आ मा उल्लिखित पदार्थहरुको उत्सर्जन सोही १२ महिनाको अवधिमा पक्षहरूले स्वीकृत गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रविधि प्रयोग गरी व्यवहारिक हुने हदसम्म नष्ट गर्ने सुनिश्चित गर्नेछ।

७. प्रत्येक पक्षले पक्षहरूले स्वीकृत गरेको प्रविधिहरूबाट मात्र अनुसूची- ग, समूह अ वा अनुसूची- च का पदार्थहरु उत्पादन गर्ने स्थानमा उत्पन्न हुने अनुसूची- च, समूह आ का पदार्थहरू नष्ट गर्ने सुनिश्चित गर्नेछ।"

*धारा ३*

प्रोटोकलको धारा ३ को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्ने :-

"१. धारा २, २क देखि २ञ सम्म र ५ को प्रयोजनको लागि प्रत्येक पक्षले अनुसूची-क, अनुसूची-ख, अनुसूची-ग, अनुसूची-ङ वा अनुसूची-च मा उल्लिखित पदार्थहरूको प्रत्येक समूहको लागि गणना गरिएको स्तर निर्धारण गर्नेछ :-"

प्रोटोकलको धारा ३ को उपअनुच्छेद (क) (अ) को अन्त्यमा देहायका शब्दहरू राख्ने :-

"अनुच्छेद -२ मा अन्यथा व्यवस्था गरिए बाहेक"

प्रोटोकलको धारा ३ को अन्त्यमा देहायका शब्दहरू थप गर्ने :- ";र

(घ) मेसिनबाट चुहावट भएको उत्सर्जन, प्रक्रिया सुचारु हुँदाका बखत निस्कने उत्सर्जन र विनाश उपकरणबाट निस्केका उत्सर्जन लगायतका तर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपयोग गर्न, विनास गर्न र भण्डारण गर्न निकालिएको बाहेकका अनुसूची- ग को समूह अ वा अनुसूची- च मा उल्लिखित पदार्थ उत्पन्न हुने प्रत्येक स्थानमा उत्पन्न हुने अनुसूची- च, समूह आ पदार्थको उत्सर्जन।

२. धारा २ज, धारा २ को अनुच्छेद -५.२ र धारा ३ को अनुच्छेद -१ (घ) को प्रयोजनको लागि अनुसूची-च र अनुसूची-ग, समूह अ, पदार्थहरूको उत्पादन, उपभोग, आयात, निर्यात र उत्सर्जनको CO2 equivalents मा स्तरहरूको गणना गर्दा प्रत्येक पक्षले अनुसूची-क, अनुसूची-ग र अनुसूची-च को समूह अ मा उल्लिखित पदार्थहरूको विश्वव्यापी उष्णता क्षमताको प्रयोग गर्नेछ।"

*धारा ४ अनुच्छेद -१.७*

प्रोटोकलको धारा ४ को अनुच्छेद- १.६ पछि देहायको अनुच्छेद थप्ने :-

"१.७ यो अनुच्छेद लागू भएपछि प्रत्येक पक्षले यस प्रोटोकलको पक्ष नभएको कुनै राज्यबाट अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरूको आयातमा प्रतिबन्ध लगाउनेछ ।"

*धारा ४, अनुच्छेद -२.७*

प्रोटोकलको धारा ४ को अनुच्छेद-२.६ पछि देहायको अनुच्छेद थप्नेः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२.७ यो अनुच्छेद लागू भएपछि प्रत्येक पक्षले यस प्रोटोकलको पक्ष नभएको कुनै राज्यलाई अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरूको निर्यातमा प्रतिबन्ध लगाउनेछ।"

*धारा ४, अनुच्छेद- ५, ६ र ७*

प्रोटोकलको धारा ४ को अनुच्छेद- ५, ६ र ७मा देहायबमोजिम गर्ने :-

"अनुसूची- क,ख,ग र ङ" को सट्टा "अनुसूची-क, ख, ग, ङ र च" राख्ने

*धारा ४ अनुच्छेद- ८*

प्रोटोकलको धारा ४ को अनुच्छेद- ८ मा देहायबमोजिम गर्ने :-

"धारा २क देखि २झ" कोसट्टा "धारा२क देखि २ञ" राख्ने

*धारा ४ख*

प्रोटोकलको धारा ४ख को अनुच्छेद -२ पछि देहायको अनुच्छेद थप गर्ने :-

"२.२ प्रत्येक पक्षले १ जनवरी २०१९ सम्म वा त्यसको लागि यस अनुच्छेद जारी भएको मितिले तीन महिनाभित्र मध्ये जुनपछिल्लो हुन्छ, अनुसूची- च मा उल्लिखित नयाँ, प्रयोग गरिएको, पुनः प्रयोग गरिएको र पुनः प्राप्त गरिएको नियन्त्रित पदार्थहरुको आयात र निर्यातको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा प्रणालीको निर्माण गरी कार्यान्वयन गर्नेछ। धारा ५ को अनुच्छेद- १ अन्तर्गत सञ्चालित कुनै पक्षले त्यस्तो प्रणालीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्माण र कार्यान्वयन १ जनवरी २०१९ सम्ममा गर्ने अवस्थामा आफू नरहेको निर्णय गरेमा १ जनवरी २०२१ सम्ममा ती कार्य गर्न ढिलाई गर्न सक्नेछ ।"

*धारा ५*

प्रोटोकलको धारा ५ को अनुच्छेद- ४ मा "२झ" शब्दको सट्टा"२ञ" राख्ने

प्रोटोकलको धारा ५ को अनुच्छेद- ५ र ६ मा "धारा २झ" शब्दको सट्टा "धारा२झ र २ञ" राख्ने

प्रोटोकलको धारा ५ को अनुच्छेद- ५ मा "कुनै नियन्त्रणका उपायहरू" भन्दा अगाडि "सहित" शब्द थप गर्ने।

प्रोटोकलको धारा ५ को अनुच्छेद- ८.३ पछि देहायको अनुच्छेद थप गर्ने :-

"८.४.

(क) यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित प्रत्येक पक्षलाई,धारा २ को अनुच्छेद ९ बमोजिम धारा २ञ को नियन्त्रणका उपायहरूमा गरेको समायोजनको अधीनमा रही धारा २ञ को अनुच्छेद- १ को उप अनुच्छेद (क) देखि (ङ) सम्म र धारा २ञ को अनुच्छेद ३ को उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लिखित नियन्त्रणका उपायहरूको परिपालनमा ढिलाई गर्न अधिकार हुनेछ र ती उपायहरूलाई देहायबमोजिम परिमार्जन गर्न सक्नेछ :-

(अ) सन् २०२४ देखि २०२८ सम्म : १०० प्रतिशत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(आ) सन् २०२९ देखि २०३४ सम्म : ९० प्रतिशत
(इ) सन् २०३५ देखि २०३९ सम्म : ७० प्रतिशत
(ई) सन् २०४० देखि २०४४ सम्म : ५० प्रतिशत
(उ) सन् २०४५ र त्यसपछि : २० प्रतिशत

(ख) माथिको उपअनुच्छेद (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षहरूले यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित पक्षलाई धारा २ को अनुच्छेद -९ बमोजिम धारा २ज को नियन्त्रणका उपायहरूमा गरेको समायोजनको अधीनमा रही धारा २ज को अनुच्छेद १ को उपअनुच्छेद (क) देखि (ङ) सम्म र धारा २ज को अनुच्छेद -३ को उपअनुच्छेद (क) देखि (ङ) सम्म उल्लिखित नियन्त्रणका उपायहरूको परिपालनमा ढिलाई गर्न अधिकार हुने निर्णय गर्न सक्नेछ र ती उपायहरूलाई देहायबमोजिम परिमार्जन गर्न सक्नेछः-

(अ) सन् २०२८ देखि २०३१ सम्म : १०० प्रतिशत
(आ) सन् २०३२ देखि २०३६ सम्म : ९० प्रतिशत
(इ) सन् २०३७ देखि २०४१ सम्म : ८० प्रतिशत
(ई) सन् २०४२ देखि २०४६ सम्म : ७० प्रतिशत
(उ) सन् २०४७ र त्यसपछि : १५ प्रतिशत

(ग) यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित प्रत्येक पक्षलाई, धारा २ज अन्तर्गत त्यसको उपयोगको बेसलाइन गणना गर्ने प्रयोजनको लागि सन् २०२०, २०२१ र २०२२ को लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तरको औषत र थप यस धाराको अनुच्छेद ८.३ मा उल्लिखित अनुसूची- ग को समूह अ का नियन्त्रित पदार्थहरूको बेसलाइन उपयोगको पैंसठ्ठी प्रतिशत प्रयोग गर्ने अधिकार हुनेछ।

(घ) माथि उपअनुच्छेद (ग) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि पक्षहरुले यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित पक्षले,धारा २ञ अन्तर्गत त्यसको उपयोगको बेसलाइन गणना गर्ने प्रयोजनको लागि सन् २०२४, २०२५ र २०२६ को लागि अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तरको औषत र थप यस धाराको अनुच्छेद ८.३ मा उल्लिखित अनुसूची- ग को समूह अ को बेसलाइन उपयोगको पैंसठ्ठी प्रतिशत प्रयोग गर्ने अधिकार हुने निर्णय गर्न सक्नेछन्।

(ङ) यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित र अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरू उत्पादन गर्ने प्रत्येक पक्षलाई, धारा २ञ अन्तर्गत त्यसको बेसलाइन उत्पादन गणना गर्ने प्रयोजनको लागि, सन् २०२०, २०२१ र २०२२ को लागि अनुसूची -च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तरको औषत र थप यस धाराको अनुच्छेद ८.३ मा उल्लिखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ग को समूह अ को नियन्त्रित पदार्थहरूको बेसलाइन उत्पादनको पैंसठ्ठी प्रतिशत प्रयोग गर्ने अधिकार हुनेछ।

(च) माथि उपअनुच्छेद (ङ) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि पक्षहरूले यस धाराको अनुच्छेद -१ अन्तर्गत सञ्चालित र अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरू उत्पादन गर्ने पक्षले धारा २ञ अन्तर्गत त्यसको उत्पादनको बेसलाइन गणना गर्ने प्रयोजनको लागि, सन् २०२४, २०२५ र २०२६ को लागि अनुसूची-च मा उल्लिखित नियन्त्रित पदार्थहरूको उपयोगको गणना गरिएको स्तरको औषत र थप यस धाराको अनुच्छेद ८.३ मा उल्लिखित अनुसूची- ग को समूह अ को बेसलाइन उपयोगको पैंसठ्ठी प्रतिशत प्रयोग गर्ने अधिकार हुने निर्णय गर्न सक्नेछन्।

(छ) यस अनुच्छेदको उपअनुच्छेद (क) देखि (च) सम्म पक्षहरुले निर्णय गरेको मापदण्डमा आधारित भएर उच्च परिवेशीय तापक्रम (high-ambient-temperature) छुट लागू हुने हदसम्म बाहेक उत्पादन र उपयोगको गणना गरिएको स्तरमा लागू हुनेछ ।

*धारा ६*

प्रोटोकलको धारा ६ मा "धारा २क देखि २झ" शव्दको सट्टा "धारा२क देखि २ञ" राख्ने

धारा ७, अनुच्छेद -२, ३ र ३.३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रोटोकलको धारा ७ को अनुच्छेद-२ मा रहेको "सन्१९९१ को लागि अनुसूची-ङ मा उल्लिखित" वाक्यांश पछि देहायको वाक्य थप गर्ने :-

"अनुसूची- च मा उल्लिखित नियन्त्रित पदार्थहरूको विवरण धारा ५ को अनुच्छेद १ अन्तर्गत सञ्चालित देशहरुले सन् २०20 देखि २०२२ सम्म तथ्याङ्क उपलब्ध गराउने बाहेक सन् २०११ देखि २०१३ सम्मको विवरण तर धारा ५ को अनुच्छेद- ८.४ को उपअनुच्छेद (घ) र (च) लागू हुने धारा ५ को अनुच्छेद १ अन्तर्गत सञ्चालित पक्षहरूले सन् २०२४ देखि २०२६ सम्मको त्यस्तो तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ; "

प्रोटोकलको धारा ७ को अनुच्छेद २ र ३ मा, "ग र ङ" शब्दहरू पछि "ग, ङ र च"

प्रोटोकलको धारा ७ को अनुच्छेद ३.२ पछि देहायको अनुच्छेद थप गर्नेः

"३.३ प्रत्येक पक्षले सचिवालयलाई यस प्रोटोकलको धारा ३ को अनुच्छेद- १(घ) बमोजिम अनुसूची- च, समूह आ, नियन्त्रित पदार्थहरुको वार्षिक उत्सर्जनसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनेछ।"

*धारा ७, अनुच्छेद ४*

प्रोटोकलको धारा ७ को अनुच्छेद -४ मा "साङ्खिकीय तथ्याङ्क" र "तथ्याङ्क प्रदान गर्ने" शब्दहरू पछि "उत्पादन" शब्द थपिएको छ ।

*धारा १०, अनुच्छेद -१*



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रोटोकलको धारा १० को अनुच्छेद -१ मा "र धारा २झ" को सट्टा ",धारा २झ र धारा २ञ" राख्ने

प्रोटोकलको धारा १० को अनुच्छेद -१ को अन्त्यमा देहायको अनुच्छेद थप गर्ने :

"धारा ५ को अनुच्छेद- १ अन्तर्गत सञ्चालित पक्षले कुनै वित्तीय संयन्त्रबाट रकम लिन रोज्दछ र परिणाम स्वरूप आफूले सहमत गरेको वृद्धि लागतको कुनै अंश पूर्ति हुन्छ भने त्यस्तो अंश यस प्रोटोकलको धारा १० अन्तर्गतको वित्तीय संयन्त्रबाट व्यहोरिने छैन।"

*धारा १७*

प्रोटोकलको धारा १७ मा "धारा २क देखि २झ" को सट्टा "धारा २क देखि २ञ" राख्ने।

*अनुसूची- क*

प्रोटोकलको अनुसूची- क को समूह अ मा रहेको तालिकाको सट्टा देहायको तालिका राख्ने :

| समूह | पदार्थ | ओजोन ह्रास गर्ने क्षमता | १०० वर्षीय विश्वव्यापी उष्णता क्षमता |
|---|---|---|---|
| *समूह अ* | | | |
| $CFCl_3$ | (CFC-11) | १.० | ४,७५० |
| $CF_2Cl_2$ | (CFC-12) | १.० | १०,९०० |
| $C_2F_3Cl_3$ | (CFC-113) | ०.८ | ६,१३० |
| $C_2F_4Cl_2$ | (CFC-114) | १.० | १०,००० |
| $C_2F_5Cl$ | (CFC-115) | ०.६ | ७,३७० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*अनुसूची- ग र अनुसूची- च*

प्रोटोकलको अनुसूची- ग को समूह अ मा रहेको तालिकाको सट्टा देहायको तालिका राख्ने :

| समूह | पदार्थ | आइसोमरको सङ्ख्या | ओजोन ह्रास गर्ने क्षमता* | १०० वर्षीय विश्वव्यापी उष्णता क्षमता*** |
|---|---|---|---|---|
| समूह अ | | | | |
| $CHFCl_2$ | (HCFC-21)** | १ | ०.०४ | १५१ |
| $CHF_2Cl$ | (HCFC-22)** | १ | ०.०५५ | १,८१० |
| $CH_2FCl$ | (HCFC-31) | १ | ०.०२ | |
| $C_2HFCl_4$ | (HCFC-121) | २ | ०.०१-०.०४ | |
| $C_2HF_2Cl_3$ | (HCFC-122) | ३ | ०.०२-०.०८ | |
| $C_2HF_3Cl_2$ | (HCFC-123) | ३ | ०.०२-०.०६ | ७७ |
| $CHCl_2CF_3$ | (HCFC-123)** | - | ०.०२ | |
| $C_2HF_4Cl$ | (HCFC-124) | २ | ०.०२-०.०४ | ६०९ |
| $CHFClCF_3$ | (HCFC-124)** | - | ०.०२२ | |
| $C_2H_2FCl_3$ | (HCFC-131) | ३ | ०.००७-०.०५ | |
| $C_2H_2F_2Cl_2$ | (HCFC-132) | ४ | ०.००८-०.०५ | |
| $C_2H_2F_3Cl$ | (HCFC-133) | ३ | ०.०२-०.०६ | |
| $C_2H_3FCl_2$ | (HCFC-141) | ३ | ०.००५-०.०७ | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| $CH_3CFCl_2$ | (HCFC-141b)** | - | ०.११ | ७२५ |
| $C_2H_3F_2Cl$ | (HCFC-142) | ३ | ०.००८-०.०७ | |
| $CH_3CF_2Cl$ | (HCFC-142b)** | - | ०.०६५ | २,३१० |
| $C_2H_4FCl$ | (HCFC-151) | २ | ०.००३-०.००५ | |
| $C_3HFCl_6$ | (HCFC-221) | ५ | ०.०१५-०.०७ | |
| $C_3HF_2Cl_5$ | (HCFC-222) | ९ | ०.०१-०.०९ | |
| $C_3HF_3Cl_4$ | (HCFC-223) | १२ | ०.०१-०.०८ | |
| $C_3HF_4Cl_3$ | (HCFC-224) | १२ | ०.०१-०.०९ | |
| $C_3HF_5Cl_2$ | (HCFC-225) | ९ | ०.०२-०.०७ | |
| $CF_3CF_2CHCl_2$ | (HCFC-225ca)** | - | ०.०२५ | १२२ |
| $CF_2ClCF_2CHClF$ | (HCFC-225cb)** | - | ०.०३३ | ५९५ |
| $C_3HF_6Cl$ | (HCFC-226) | ५ | ०.०२-०.१० | |
| $C_3H_2FCl_5$ | (HCFC-231) | ९ | ०.०५-०.०९ | |
| $C_3H_2F_2Cl_4$ | (HCFC-232) | १६ | ०.००८-०.०४ | |
| $C_3H_2F_3Cl_3$ | (HCFC-233) | १८ | ०.००७-०.२३ | |
| $C_3H_2F_4Cl_2$ | (HCFC-234) | १६ | ०.०१-०.२८ | |
| $C_3H_2F_5Cl$ | (HCFC-235) | ९ | ०.०३- | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | | ०.५२ | |
| $C_3H_3FCl_4$ | (HCFC-241) | १२ | ०.००४-०.०९ | |
| $C_3H_3F_2Cl_3$ | (HCFC-242) | १८ | ०.००५-०.१३ | |
| $C_3H_3F_3Cl_2$ | (HCFC-243) | १८ | ०.००७-०.१२ | |
| $C_3H_3F_4Cl$ | (HCFC-244) | १२ | ०.००९-०.१४ | |
| $C_3H_4FCl_3$ | (HCFC-251) | १२ | ०.००१-०.०१ | |
| $C_3H_4F_2Cl_2$ | (HCFC-252) | १६ | ०.००५-०.०४ | |
| $C_3H_4F_3Cl$ | (HCFC-253) | १२ | ०.००३-०.०३ | |
| $C_3H_5FCl_2$ | (HCFC-261) | ९ | ०.००२-०.०२ | |
| $C_3H_5F_2Cl$ | (HCFC-262) | ९ | ०.००२-०.०२ | |
| $C_3H_6FCl$ | (HCFC-271) | ५ | ०.००१-०.०३ | |

* जहाँ ओजोन ह्रास गर्ने क्षमता (ओ.डी.पी) को दायरा निर्धारण गरिएको छ, यस प्रोटोकलको प्रयोजनको लागि उक्त दायराको ठूलो मान प्रयोग गरिनेछ। एकल मानको रूपमा सूचीकृत ओ.डी.पी प्रयोगशालाको मापनमा आधारित गणनाबाट निर्धारण गरिएको छ। दायराको रूपमा सूचीकृत ओ.डी.पी अनुमानमा आधारित छन् र कम निश्चित छन् । उक्त दायरा आइसोमरिक समूहसँग सम्बन्धित छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

माथिल्लो मान सबै भन्दा ठूलो ओ.डी.पीसँगको आइसोमरको ओ.डी.पी को अनुमान हो र तल्लो मान सबै भन्दा कम ओ.डी.पीसँगको आइसोमरको ओ.डी.पी को अनुमान हो।

** यस प्रोटोकलको प्रयोजनको लागि यी पदार्थ विपरीत सूचीकृत गरिएका ओ.डी.पी मान रहेको व्यापारिक रूपमा सबै भन्दा बढी व्यवहारिक पदार्थ भन्ने बुझिनुपर्छ।

*** विश्वव्यापी उष्णता क्षमता (जी. डब्ल्यू.पी) निर्धारण नगरिएको पदार्थको लागि धारा २ को अनुच्छेद ९(क)(आ) मा पूर्वानुमान गरिएको कार्यविधिको माध्यमबाट जी.डब्ल्यू.पी समावेश नगरिएसम्म डिफल्ट मान शून्य लागू हुनेछ ।

प्रोटोकलको अनसूची- ङ पछि देहायको अनुसूची थप गर्ने :-

*"अनुसूची- च नियन्त्रित पदार्थहरु*

| **समूह** | **पदार्थ** | **१०० वर्षीय विश्वव्यापी उष्णता क्षमता** |
|---|---|---|
| समूह अ | | |
| CHF2CHF2 | HFC-134 | १,१०० |
| $CHF_2CF_3$ | HFC-134a | १,४३० |
| $CH_2FCHF_2$ | HFC-143 | ३५३ |
| $CHF_2CH_2CF_3$ | HFC-245fa | १,०३० |
| $CF_3CH_2CF_2CH_3$ | HFC-365mfc | ७९४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| $CF_3CHFCF_3$ | HFC-227ea | ३,२२० |
| $CH_2FCF_2CF_3$ | HFC-236cb | १,३४० |
| CHF2CHFCF3 | HFC-236ea | १,३७० |
| CF3CH2CF3 | HFC-236fa | ९,८१० |
| CH2FCF2CHF2 | HFC-245fa | ६९३ |
| $CF_3CHFCHFCF_2CF_3$ | HFC-43-10mee | १,६४० |
| $CH_2F_2$ | HFC-32 | ६७५ |
| $CHF_2CF_3$ | HFC-125 | ३,५०० |
| $CH_3CF_3$ | HFC-143a | ४,४७० |
| $CH_3F$ | HFC-41 | ९२ |
| $CH_2FCH_2F$ | HFC-152 | ५३ |
| $CH_2CHF_2$ | HFC-152a | १२४ |
| | | |
| समूह आ | | |
| $CHF_3$ | HFC-23 | १४,८०० |

**धारा २ : सन् १९९९ को संशोधनसँग सम्बन्ध**

कुनै पनि राज्य वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनले यस अगावै वा एकैसाथ पक्षहरूको सन् १९९९ को डिसेम्बर ३ मा बेइजिङमा भएको एघारौं बैठकले पारित गरेको संशोधनको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको दस्तावेज



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दाखिला नगरेसम्म यस संशोधनको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको दस्तावेज दाखिला गर्नसक्ने छैन।

**धारा ३ : जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि र त्यसको क्योटो प्रोटोकलसँग को सम्बन्ध**

यो संशोधनले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धिको धारा ४ र १२ वा क्योटो प्रोटोकलको धारा २, ५, ७ र १० मा रहेको प्रतिबद्धताको क्षेत्रबाट हाइड्रोफ्लोरोकार्बनहरूलाई अपवाद बनाउने उद्देश्य राख्दैन।

**धारा ४: लागू हुने**

१. तल अनुच्छेद -२ मा उल्लेख गरिए बाहेक, यो संशोधन १ जनवरी, २०१९ देखि लागू हुनेछ, तर ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको पक्ष रहेका कम्तीमा बिसवटा राज्यहरूले वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनहरूले यो संशोधनको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको दस्तावेज दाखिला गरेको हुनु पर्नेछ। उक्त मितिसम्म यो अवस्था पूरा नभएमा, यो संशोधन सो अवस्था पूरा भएको मितिले नब्बेऔं दिनदेखि लागू हुनेछ।

२. यस संशोधनका धारा १ मा व्यवस्था गरिएको प्रोटोकलको धारा ४, गैर पक्षहरूसँगको व्यापार नियन्त्रणमा गरिएको हेरफेर १ जनवरी, २०३३ देखि लागू हुनेछ, तर ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको पक्ष रहेका कम्तीमा सत्तरी वटा राज्यहरूले वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनहरूले यो संशोधनको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको दस्तावेज दाखिला गरेको हुनुपर्नेछ। उक्त मितिसम्म यो अवस्था पूरा नभएमा, यो संशोधन सो अवस्था पूरा भएको मितिले नब्बेऔं दिनदेखि लागू हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. अनुच्छेद -१ र २ को प्रयोजनको लागि क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनद्वारा दाखिला गरिएको कुनै पनि दस्तावेजलाई त्यस्तो सङ्गठनको सदस्य राष्ट्रले दाखिला गरेको दस्तावेजमा थप मानिने छैन।

४. अनुच्छेद -१ र २ मा व्यवस्था भएबमोजिम यो संशोधन लागू भए पश्चात प्रोटोकलको अन्य पक्षको हकमा यो संशोधनको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको दस्तावेज दाखिला गरेको मितिले नब्बेऔं दिनमा यो कार्यान्वयन हुनेछ।

**धारा ५: अस्थायी प्रयोग**

यो संशोधन लागू हुनु भन्दा अगाडिको कुनै समयमा कुनै पक्षले यो लागू हुन बाँकी हुँदै, धारा २ञ मा उल्लिखित नियन्त्रणका उपायहरू र धारा ७ मा रहेको तथ्याङ्क उपलब्ध गराउने सम्बन्धी दायित्व प्रयोग गर्ने घोषणा गर्न सक्नेछ।

उपर्युक्त पाठ रुवान्डाको किगालीमा २०१६, १० देखि १५ अक्टोबरसम्म बसेको ओजोन तह ह्रासगर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलका सदस्यहरूको अठ्ठाइसौं बैठकले २०१६, १५ अक्टोबरमा पारित गरेको सक्कल प्रति हो भनी प्रमाणित गर्दछु।

महासचिवको लागि,

कानूनी मामिला र संयुक्त राष्ट्रसंघ कानूनी परामर्शका उपमहासचिव

मिगुएल दि सेर्पा सोरिस

संयुक्त राष्ट्रसंघ
न्युयोर्क, १८ नोभेम्बर, २०१६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

UNITED NATIONS NATIONS UNIES

POSTAL ADDRESS—ADRESSE POSTALE UNITED NATIONS, N.Y. 10017
CABLE ADDRESS—ADRESSE TELEGRAPHIQUE UNATIONS NEWYORK

Reference: C.N.872.2016.TREATIES-XXVII.2.f (Depositary Notification)

MONTREAL PROTOCOL ON SUBSTANCES THAT DEPLETE
THE OZONE LAYER. MONTREAL, 16 SEPTEMBER 1987
AMENDMENT TO THE MONTREAL PROTOCOL ON
SUBSTANCES THAT DEPLETE THE OZONE LAYER
KIGALI, 15 OCTOBER 2016
ADOPTION OF AMENDMENT

The Secretary-General of the United Nations, acting in his capacity as depositary, communicates the following:

At the Twenty-Eighth Meeting of the Parties to the above Protocol, held in Kigali from 10 to 15 October 2016, the Parties adopted, in accordance with the procedure laid down inparagraph 4 of article 9 of the 1985 Vienna Convention for the Protection of the Ozone Layer, a further amendment to the Montreal Protocol as set out in Annex I to the report of the Twenty-Eighth Meeting of the Parties (Decision XXVIII/1).

..... The text of the above Amendment, in the six authentic languages, is attached as an Annex to this notification.

In accordance with its article IV, paragraph 1, the Amendment shall enter into force on

1 January 2019, provided that at least twenty instruments of ratification, acceptance or approval of the Amendment have been deposited by States or regional economic integration organizations that are Parties to the Montreal Protocol on Substances that Deplete the Ozone Layer. In the event that this condition has not been fulfilled by that date, the Amendment shall enter into force on the ninetieth day following the date on which it has been fulfilled.

After its entry into force, the Amendment, in accordance with its article IV, paragraph 4, shall enter into force for any other Party to the Protocol on the ninetieth day following the date of deposit of its instrument of ratification, acceptance or approval.

23 November 2016



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Attention: Treaty Services of Ministries of Foreign Affairs and of international organizations concerned. Depositary notifications are issued in electronic format only. Depositary notifications are made available to the Permanent Missions to the United Nations in the United Nations Treaty Collection at https:// treaties.un.org, under "Depositary Notifications (CNs)". In addition, the Permanent Missions, as well as other interested individuals, can subscribe to receive depositary notifications by e- mail through the Treaty Section's "Automated Subscription Services", which is also available at https:// treaties. un.org/Pages/Login.aspx?lang=_en.

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C.N.872.2016.TREATIES-XXVII.2.f

मुद्रण विभाग, सिंहदरबार

Annex / Annexe



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**Decision XXVIII/1: Further Amendment of the Montreal Protocol**

